पञ्चदेवल विनायक नगरपालिका विनायक अछाम

# स्थानीय राजपत्र

खण्डः १ संख्याः २९ मितिः २०७९/०९/०५

## भाग-२

## पञ्चदेवल विनायक नगरपालिका अछाम

# मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७७

**प्रस्तावना :**

पञ्चदेवल विनायक नगरपालिकाले आफ्ना नागरिकहरुको स्वास्थ्य संवेदनशीलतालाई मध्यनजर गर्दै घरेलु हिंसा, झैझगडा, कोलाहल तथा सामाजिक दुर्घटना न्यूनीकरण गर्न, विकृति, विसंगति र अपराधजन्य कार्यबाट समाजलाई मुक्त गर्न, समुदायलाई सभ्य, शान्त तथा सुव्यवस्थित बनाउनका लागि मदिराको नियन्त्रण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१.१ यस कार्यविधिको नाम 'मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७७' रहेको छ ।

१.२ यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

## २. परिभाषा :

क) 'मदिरा' भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनुपर्दछ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, स्कच, वियर, वाईन समेतलाई जनाउँदछ ।

ख) 'अवैध मदिरा' भन्नाले प्रचलित कानूनले मान्यता नदिएका स्थानीय स्तरबाट उत्पादन हुने मदिरा र कमसल सोफी मदिरा समेतलाई सम्झनुपर्दछ ।

ग) 'उत्पादन' भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा वास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्यलाई सम्झनु पर्दछ ।

घ) 'अनुमतिपत्र' भन्नाले मदिरा ऐन, २०३१ को दफा ६ (क) बमोजिम मदिरा उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनुपर्दछ ।

ङ) 'तोकिएको' वा 'तोकिए बमोजिम' भन्नाले प्रचलित कानून र यो कार्यविधि अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

च) 'सेवनकर्ता' भन्नाले मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनुपर्दछ ।

छ) 'कसुरदार' भन्नाले यस कार्यविधिमा भएको व्यवस्था विपरित कार्य गर्ने व्यक्ति वा समूह सम्झनुपर्दछ ।

## ३. मदिराको नियन्त्रण :

यस नगरपालिकाभित्र व्यक्ति तथा व्यवसायीहरुले अवैध मदिराको उत्पादन, बिक्रीवितरण, ओसारपसार तथा सेवन गर्न पूर्ण रुपमा प्रतिबन्ध गरिएको छ । कानूनबमोजिम अनुमतिपत्र प्राप्त व्यवसायीहरुले निर्धारित नियमानुसार मात्र बिक्रीवितरण तथा ओसारपसार गर्न र सेवनकर्ताले तोकिएको समयभित्र नियमानुसार मात्र सेवन गर्न पाइनेछ ।

## ४. नगरस्तरीय समिति गठन :

मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्न यस नगरपालिकामा निम्न बमोजिमको एउटा नगरस्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन गरिनेछ :

| | |
|---|---|
| क) नगर प्रमुख | : संयोजक |
| ख) नगर उपप्रमुख | : सदस्य |
| ग) कार्यपालिका सदस्यहरुबाट १ जना महिला र १ जना दलित/जनजाति रहने गरी संयोजकले तोकेका ४ जना | : सदस्य |
| घ) स्वास्थ्य संयोजक | : सदस्य |
| ङ) प्रहरी कार्यालय ईन्चार्ज | : सदस्य |
| च) प्रमुख प्रशासकीय अधिकृत | : सदस्य सचिव |

## ५) नगरस्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिका काम, कर्त्तव्य र अधिकार :

५.१) नगर क्षेत्रको अनुगमन गरी टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजनिक स्थलहरुलाई मदिराको प्रभावबाट मुक्त गर्न सहयोग गर्ने ।

५.२) कम्तीमा बर्षको चार पटक अनुगमन गरी सोको प्रतिवेदन कार्यपालिकामा पेश गर्ने ।

५.३) यस कार्यविधिको दफा ३ को व्यवस्थालाई पालना गर्न आवश्यक सहयोग गर्ने ।

५.४) नगर क्षेत्रभित्र मदिराजन्य क्रियाकलापले पार्ने असरको विरुद्धमा सचेतनाका कार्यक्रमहरु गर्ने ।

५.५) यस दफामा जुनसुकै कुरा लेखिए तापनि नगरस्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिले प्रमुख प्रशासकीय अधिकृत तथा कार्यालयका कर्मचारीहरुलाई यस कार्यविधिमा भएका व्यवस्था अनुसार अनुगमन गर्न र तोकिएको सजाय कार्यान्वयन गर्न अधिकार दिन सक्नेछ ।

## ६. वडास्तरीय समिति गठन :

६.१) मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्न नगरपालिकाका सबै वडाहरुमा निम्न बमोजिमको एउटा वडास्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समिति गठन गरिनेछ :

| | |
|---|---|
| क) वडाध्यक्ष | : संयोजक |
| ख) प्रहरी कार्यालयको प्रतिनिधि | : सदस्य |
| ग) स्वास्थ्य कार्यालयको प्रतिनिधि | : सदस्य |
| घ) वडास्तरका महिला, दलित प्रतिनिधि २ जना | : सदस्य |
| ङ) मा.वि. स्तरको विद्यालयका प्र.अ. तथा निजले तोकेको प्रतिनिधि १ जना | : सदस्य |
| च) वडा सचिव | : सदस्य सचिव |

## ७) वडास्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिका काम, कर्त्तव्य र अधिकार :

७.१) वडा क्षेत्रको अनुगमन गरी टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजनिक स्थलहरुलाई मदिराको प्रभावबाट मुक्त गर्न सहयोग गर्ने ।

७.२) कम्तीमा दुई महिनाको एक पटक अनुगमन गरी सोको प्रतिवेदन नगरपालिकाको कार्यालयमा पेश गर्ने ।

७.३) वडा क्षेत्रभित्र मदिराजन्य क्रियाकलापले पार्ने असरको विरुद्धमा सचेतनाका कार्यक्रमहरु गर्ने ।

७.४) यस कार्यविधिको दफा ३ को व्यवस्थालाई पालना गर्न आवश्यक सहयोग गर्ने ।

७.५) नगरस्तरीय मदिरा नियन्त्रण तथा व्यवस्थापन समितिबाट गरिएका निर्णयहरु कार्यान्वयन गर्ने ।

## ८. सजाय गर्ने :

८.१) यस कार्यविधि विपरित मदिरा उत्पादन, बिक्रीवितरण, ओसारपसार, सेवन तथा त्यस्तो क्रियाकलापमा संलग्न व्यक्ति/समूहको बचाउ गर्ने व्यक्तिलाई निम्नानुसार सजाय गरिनेछ ।

क) अवैध मदिरा उत्पादन तथा बिक्रीवितरण गर्नेलाईःरु दश हजार
ख) अवैध मदिरा ओसारपसार गर्नेलाई प्रतिव्यक्तिः रु पाँच हजार
ग) मदिरा सेवन गरी होहल्ला गरी शान्ति बिथोल्नेलाईः रु तीन हजार
घ) अनुमति नलिई मदिरा बिक्रीवितरण गर्नेलाई सम्पूर्ण मदिरा जफत गरी रु ५,०००/-
ङ) यस दफामा व्यवस्था भएको बाहेक दफा १० को व्यवस्थाबमोजिम कसूर गर्नेलाई : रु ५,०००/-
च) उल्लिखित क्रियाकलापमा संलग्न व्यक्ति वा समूहको बचाउ गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय ।
छ) उल्लिखित क्रियाकलापमा दोस्रोपटक संलग्न भएको पाइएमा पहिलो सजायको दोब्बर सजाय र त्यसपछि दोहोर्‍याएमा पछिल्लो सजायको क्रमशः दोब्बर सजाय हुनेछ ।
ज) अनुगमनका क्रममा भेटिएको अवैध मदिरा नियन्त्रणमा लिई प्रहरी तथा स्थानीय प्रतिनिधिको रोहबरमा नष्ट गरिनेछ ।
८.२) माथि उल्लिखित जरिवाना तिर्न इन्कार गरेमा प्रचलित कानूनबमोजिम हुनेछ ।

**९. जरिवाना रकमसम्बन्धी व्यवस्था :**

यस कार्यविधि विपरित मदिरा उत्पादन, बिक्रीवितरण, ओसारपसार तथा सेवन गर्ने र त्यस्तो क्रियाकलापमा संलग्न व्यक्ति वा समूहको बचाउ गर्ने व्यक्ति/समूह/फर्मबाट उठेको जरिवाना रकम निम्नानुसार व्यवस्थापन गरिनेछ :

क) नगरको आन्तरिक आय कोषमा जम्मा : पचास प्रतिशत
ख) नेपाल प्रहरीलाई : तीस प्रतिशत
ग) सूचना दिने व्यक्तिलाई : बीस प्रतिशत
घ) सूचना दिने व्यक्ति नभएको अवस्थामा तोकिएको बीस प्रतिशत रकम नेपाल प्रहरीलाई उपलब्ध हुनेछ ।

**१०. मदिरा बिक्रीवितरण तथा सेवन सम्बन्धी व्यवस्था :**

१०.१) मदिराको बिक्रीवितरण गर्दा समाजमा शान्ति सुव्यवस्था नखल्बलिने, कुनै प्रकारका हिंसा तथा झैझगडा नहुने र शान्ति कायम हुने गरी मात्र गर्नुपर्नेछ ।

१०.२) थोक बिक्रेताले बिहान १०:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म, खुद्रा बिक्रेताले बेलुकी ५:०० बजेदेखि राति ८:०० बजेसम्म मात्र बिक्रीवितरण गर्न पाइनेछ ।

१०.३) नगरपालिकाले मुख्य बजार क्षेत्र तोकेको स्थानबाहेक सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्था, मठमन्दिर जस्ता सामाजिक तथा धार्मिक महत्वका स्थानबाट दुई सय मिटरभित्र मदिरा बेचबिखन गर्न पाइने छैन ।

१०.४) किराना, खाद्यान्न, औषधि, तरकारी, मासु, कपडा, फलफूल लगायतका कुनैपनि पसलबाट मदिरा बिक्रीवितरण गर्न पाइने छैन ।

१०.५) अठार बर्षमुनिका व्यक्तिलाई मदिरा बिक्रीवितरण र ओसारपसार गर्न गराउन पाइने छैन ।

१०.६) यो कार्यविधि लागू भइसकेपछि नयाँ व्यवसायीलाई अनुमतिपत्रको सिफारिस गरिने छैन ।

**११. विशेष सजाय :**

११.१) यस कार्यविधिको दफा ८ बमोजिम तोकिएको सजाय भुक्तान अटेर गर्ने वा अटेर गरी भाग्ने वा फरार हुने वा नियन्त्रणमा लिई सजाय गर्न नसकिएको व्यक्तिलाई हुने सजायको दोब्बर रकम असुलउपर गरेर मात्र सेवा प्रवाह गरिनेछ ।

११.२) कानूनबमोजिम अनुमतिपत्र लिई मदिरा बिक्रीवितरण गर्ने व्यवसायीले अवैध मदिराको बेचबिखन गरेको पाइएमा निजको व्यवसाय सिल गरी अनुमतिपत्र खारेजीको प्रक्रिया अगाडि बढाइनेछ ।

**१२. विविध :**

१२.१) यो कार्यविधिलाई परिपालना गर्नु/गराउनु प्रत्येक नगरवासीको कर्त्तव्य हुनेछ ।

१२.२) यस कार्यविधिमा उल्लिखित कुराहरु संशोधन, परिमार्जन वा परिवर्तन गर्न सकिनेछ ।

**आज्ञाले**

**शिवप्रसाद रेग्मी**

**प्रमुख प्रशासकीय अधिकृत**